# भानु तिम्रो संझनामा

डा. दिपक नाथ ओझा

भानु तिम्रो संझनामा
आज नेपालीको भेला जुराएको छ ।
खाने ख्वाउने, कुखुराको साँप्रो समाउने
यो त सँधैको शनिवारे नियती भएता पनि
आज..............
सूर्यको प्रकाश र रापको छहारीमा
हरिया रुख वुट्यानका झुलाईमा
मन्द हावाको कोमल स्पर्ष गर्दै
लता लहराका सुगन्ध प्रवाहमा रमी
तलाउका हल्का लहरिएका लहरहरु गन्दै
किनारमा रंङ्मङ्गिएका हाँसहरुको चाल हेर्दै
आज तिमीलाई संझदै छौं ।

बादलका टुक्रा टाक्री
एका आपसमा होडवाजी गरी
सूर्यलाई छेक्ने जमर्कोमा लागेका झैं
निलो आकाशको गहिराईले
शान्तीको परिभाषालाई चुनौती दिए झैं
आजको रमणीय दिनले
भानु तिम्रो संझना ताजा गराएको छ ।
तिम्रो अस्तित्वबोध
चुँदी रंम्घाबाट टाढा
सात समुद्रपार
एड्मण्टन्को यस ज्याकी पार्कमा
उपस्थित प्रत्येक नेपालीको हृदयमा
अनुवरत गराएको छ,

तिम्रा कृतिहरुले,
नेपाली आदीकविको आत्मबोधले
यहाँका प्रत्येक नेपालीलाई
केही गरौं भन्ने प्रेरणा जगाएको छ ।
त्यसैले प्रत्येक नेपाली
आफ्नो प्रतिभा तिमीलाई अर्पित गर्न
आज भेला भई
कोही साहित्य वाचन गर्दै छन्
कोही सुन्दैछन् हामी त राम्रो श्रोता भन्दै
कोही अलि टाढै वसि –
                निधो चर्चो, कुरा काट्नमै तल्लिन छन्
कोही राजनैतिक डिंग हाक्दै छन्
कोही शान्त तालको लहर गन्दै छन्
कोही कत्ति वस्ने भन्दै खुट्टा तन्काउन हिंड्दै छन्
कोही खेल खेल्नमा तल्लिन छन् भने
कोही ख्वाउने चाँजो पाँजो मिलाउन तल्लिन छन्
कोही आ...... जस्ले जे भनोस् कि गरोस्
                खानमै मस्त छन् भने
कोही व्यक्त गर्न नसकी मनमा भावना गुट्मुट्याएका छन् ........
                के यही हो त भानु जयन्ती ?
                के यही हो त पिकनिक ?
                के यही हो त खाना ? छ्याआआ........
अनेक मनका तरङ्गहरु, विचार कुविचारहरु
भानु तिमीले बुझ्यौ होला
आज तिम्रो संझनामा
यहाँ निस्किरहेछ, फष्टाइरहेछ,
तिमीले देखाएको बाटोको अनुकरण गरी
एड्मण्टन्को यस साहित्य भेला
मन, वचन र कर्मले
तिमीलाई हार्दिक श्रद्धान्जली अर्पण गर्दछ ।

भानु जयन्ती, जुलाई १४, २०१२

एड्मन्टन् क्यानाडा ।